# वनगाड कुपिण्डे नगरपालिकाको विनियोजन ऐन

**वनगाड कुपिण्डे नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागी स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन**

सभाबाट स्वीकृत मिति:२०७५/०८/१८

**प्रस्तावना:** वनगाड कुपिण्डे नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागी स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम वनगाड कुपिण्डे नगर सभाले यो ऐन वनाएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम वनगाड कुपिण्डे नगरपालिकाको विनियोजन ऐन २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लेखित चालु खर्च, पूजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रु ४७,६७,०४,०००। (अक्षरुपी सत्चालिस करोड सत्सठ्ठी लाख चार हजार मात्र) मा नवढाई निर्दिष्ट गरीए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन:** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिईएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त वनगाड कुपिण्डे नगरपालिकाका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने
देखिन आएमा नगरकार्यपालिकाले वचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी  खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।
तर चालु तथा पूजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा वढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ।